NEPAL BANK LIMITED

## पाल्पा शाखा
## पाल्पा जिल्लाको रैनादेवी छहरा गा.पा. स्थीत छहरा शाखाको भाडाको भवनमा सिभिल निर्माण तथा इलेक्ट्रिकल कार्यको लागि दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०६/२१)

नेपाल बैंक लिमिटेड, छहरा शाखामा आल्मुनियम पार्टिशन, हेल्पडेस्क, काउण्टर निर्माण, टायल फ्लोरिङ्ग, फल्स् सिलिङ्ग, ए.टि.एम. कोठा निर्माण साथै रङ्गरोगन आदि कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दि दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको पाल्पा शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको पाल्पा शाखावाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धी शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड शाखा कार्यालय पाल्पामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

<u>तपसिल</u>

१) दरभाउपत्र निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दररेट (BOQ) खुलाई घटीमा रु.४५,०००/- (अक्षरेपी पैतालिस हजार मात्र ।) धरौटी वापत यस बैंकको पाल्पा शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य ‘क’ वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

२) निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको अगाडी भागको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, सम्झौता मितिले ४५ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको सिभिल निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्नेछ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| दरभाउपत्र प्राप्त गर्ने स्थान | :- | नेपाल बैंक लिमिटेड, पाल्पा शाखा |
| दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | :- | २०७५/०७/०४ गते आइतबार कार्यालय समय भित्र । |
| दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | :- | २०७५/०७/०५ गते सोमबार विहान ११:०० वजे भित्र । |
| दरभाउपत्र दाखिला गर्ने स्थान | :- | नेपाल बैंक लिमिटेड, शाखा कार्यालय पाल्पा । |
| दरभाउपत्र खोल्ने मिति र स्थान | :- | २०७५/०७/०५ गते सोमबार मध्यान्ह १२:०० बजे ने.बै.लि., शाखा कार्यालय पाल्पा । |

<u>बैंकको अनुमानित लागत</u> :-

सिभिल र इलेक्ट्रिकल दुबै गरी भ्याट सहित कूल जम्मा रकम रु.१७,६३,७९४/४३ (अक्षेरेपी सत्र लाख त्रिसाठी हजार सात सय चौरानब्बे र पैसा त्रिचालिस मात्र ।)